साहित्यकार पंगेनीको निधन

पोखरा/हिटा । साहित्यकार तथा गीतकार प्रकट पगेनी 'शिव'को निधन भएको छ । निमोनियाका कारण स्वास्थ्यमा गम्भीर समस्या देखिएपछि मणिपाल शिक्षण अस्पतालमा भर्ना हुनुभएका उहाँको उपचारका क्रममा मंगलबार दिउँसो ६८ वर्षको उमेरमा निधन भएको हो । कविता, गीतसहित शृंगारिक गजलमार्फत प्रख्यात शिवको उपचारका लागि समस्या भएपछि आर्थिक संकलन अभियानसमेत थालिएको थियो । साहित्यकार शिवको परिवारको आग्रहमा पोखरेली युवा सांस्कृतिक परिवारको अगुवाइमा आर्थिक संकलन थालिएको थियो । पंगेनीका कविता, गजलका किताब प्रकाशित छन् भने 'तगारो छेउ आएर पनि आँगनी टेकिनौ' जस्ता गीत चर्चित छन् । साहित्यकार पंगेनीका 'जुनको चिठी जुनालाई, प्रणय वेदका ऋचाहरू' लगायत कृति प्रकाशित छन् । कास्कीको रूपा गाउँपालिकाको देउराली घर भए पनि उहाँ लामो समयदेखि पोखराको बाटुलेचौरमा बस्नुहुन्थ्यो । उहाँको परिवारमा पत्नी, छोरा र छोरी हुनुहुन्छ । पछिल्लो समय प्रकटले जन्मगाउँ रूपा गाउँपालिकामै बसेर फार्म र कटेज सञ्चालनको तयारी गरिरहनुभएको थियो ।

AIR CONDITIONERS SALE

The Royal Embassy of Saudi Arabia in Kathmandu intends to sell Different Types of air conditioners (40 Pcs), who would like to buy it to come to the Embassy located in Maharajgunj, and submit its own offer.

Contact No: 4720891 Ext: 1007

'ग्रामीण चलचित्र महोत्सव'मा छनोट भएकालाई प्रमाणपत्र

चलचित्र क्षेत्रलाई उद्योग बनाउन म तयार छु : मन्त्री भण्डारी

हिमालय टाइम्स
काठमाडौं, ४ वैशाख

'आफ्नै गाउँ, आफ्नै ठाउँ, आफ्नै भाषा, आफ्नै चलचित्र' भन्ने नाराका साथ सेलिब्रेटी नेपालको आयोजनामा वैशाख ६ देखि ८ गतेसम्म हुने 'तेस्रो नेपाल ग्रामीण चलचित्र महोत्सव'मा अफिसियल सेलेक्सन भएका चलचित्रलाई सर्टिफिकेट प्रदान गरिएको छ । सोमबार प्रि-इभेन्ट आयोजना गर्दै प्रमाणपत्र प्रदान गरिएको हो ।

कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले चलचित्र क्षेत्रलाई सरकारले आवश्यक सहयोग गर्ने बताउनुभयो । उहाँले कलाकार नै देशको गहना भएकाले सरकारले कलाकार र चलचित्र क्षेत्रलाई उद्योगको रूपमा विस्तार गर्ने लक्ष्य रहेको जनाउनुभयो ।

महोत्सवमा गाउँको कथावस्तुमा आधारित चलचित्र समेटिएको सेलिब्रेटी नेपालका अध्यक्ष रघुनाथ सापकोटाले बताउनुभयो ।

नेपाल ग्रामीण चलचित्र महोत्सव तीन वर्षदेखि सिनेमा घर नभएका जिल्लामा गाउँले परिवेशमा निर्माण गरिएका शर्ट फिल्म, डकुमेन्ट्री र फिचर फिल्मलाई सहभागी गराएर गाउँगाउँका दर्शकसमक्ष अत्याधुनिक प्रविधिमा स्क्रिनिङ गर्ने र उत्कृस्ट फिल्मलाई अवार्ड प्रदान गरिँदै आएको छ । यस वर्ष रामेछाप नगरपालिका ८, रामेछाप बजार स्थित गौरिशंकर उच्च मा.वि.मा कार्यक्रम गरिने सापकोटाले जानकारी गराउनुभयो ।

महोत्सवका संयोजक कमल एक्चै मगर रहनुभएको छ । उहाँले आफ्नै गृह जिल्ला रामेछापमा महोत्सव हुँदा खुशी लागेको बताउनुभयो । महोत्सवमा चलचित्र विकास बोर्डका पूर्वअध्यक्ष दयाराम दाहालको संयोजकत्वमा पाँच सदस्य जुरी कमिटी छ । जसमा गणेश पाण्डे, भरत रेग्मी, ज्योतिराज राई र कुबेरराज गिरी हुनुहुन्छ ।

अन्तर्राष्ट्रिय कविता प्रतियोगिताका उत्कृष्ट २५ सार्वजनिक

हिमालय टाइम्स
काठमाडौं, ४ वैशाख

हेम सरिता पाठक फाउण्डेशनले आयोजना गरेको भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय कविता प्रतियोगिता उत्कृष्ट २५ सार्वजनिक गरिएको छ । समाजसेवी हेम पाठक र सरिता पाठक (टेक्सस, अमेरिका)ले स्थापना गरेको सो पुरस्कारमा एक लाख राशिसहित सम्मान पत्र रहेको छ । प्रतियोगिताका लागि प्राप्त कविताहरूमध्ये पहिलो चरणमा उत्कृष्ट २५ कविताहरू सार्वजनिक गरिएको हो । उत्कृष्ट २५ कविताहरूको जुम माध्यमबाट प्रत्यक्ष वाचन पनि गराइनेछ । प्रतियोगिताको लागि साहित्यकारहरू प्रमोद प्रधान, प्राडा.गोविन्दमान सिंह कार्की र पारश नेपाल रहेको तीन सदस्यीय निर्णायक समिति बनाइएको थियो ।

समितिले गरेको सिफारिशका आधारमा उत्कृष्ट २५ कवितामा भ्रष्ट भरिया (महेश चौलागाईं), बढ्न थाल्यो भ्रष्टाचार (विजय थापा), आस्थाको पहाडबाट झरिरहेको अस्तित्व (विवेक दुलाल क्षेत्री) र भ्रष्टाचार निवारण चूर्ण (गम्भीर दुवाडी) छन् । अन्य कवितामा पुन: एकपल्ट जमिनले बोलाउनेछ (मन्दीप बाँस्कोटा), ऊ फेरि सिद्धिनेछ (नवचन्द्र ओली), सावधान (रूपा थापा), भ्रष्ट-आचारी (रुद्र अधिकारी) र मेरो देशको अनुहार (शंकर शर्मा) समावेश छन् । देशका शत्रु (मदन घिमिरे), उम्रिऊन् बोधिवृक्ष विवेकका (विन्दा पराजुली बराल), भ्रष्टचारीको अन्तिम इच्छा (तोया भट्ट), एक याचना (विश्व कुइँकेल), धुर्तलाई समात (संयोग बस्याल), भ्रष्टाचारविरुद्ध (इन्द्रनारायण सुवेदी) र कत्ति छुट छैन (प्रज्वल अधिकार) पनि २५ कवितामा छन् ।

अन्य कवितामा प्रतिक्षा (मणिकुमार श्रेष्ठ सिजन), भ्रष्टाचारविरुद्ध युवाको अपिल (शरद् शोभा), निष्ठाको कर्मयुद्द (मधुर भट्टराई (गिरिराज भट्टराई), आह्वान (सुन्दर शिरीष), धर्ती सेतो रहोस् (दीपिन सिजापति), झुपडीका मुठीहरू (निशान

निष्कर्ष), बतासको बह (विकल त्यागी), भ्रष्टाचार प्रताडित मातृभूमि (सुमन भट्टराई) र दुस्स्वप्न (वासु पन्थी 'देवस्म') रहेका छन् । उत्कृष्ट २५ कविताहरूको वाचन कार्यक्रम कै दिन पुरस्कृत कविको नाम घोषणा गरिने जनाइएको छ । त्यसपछि काठमाडौंमा कार्यक्रमको आयोजना गरी पुरस्कार प्रदान गरिने र उत्कृष्ट पच्चीस कविताको पुस्तक प्रकाशन गरिने बताइएको छ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
नेपाल राष्ट्रिय पुस्तकालय
सानोठिमी, भक्तपुर
फोन : ०१-६६३९६२०

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१।०१।०५

यस कार्यालयको मिति २०८०।११।३० गतेको हिमालय टाइम्स दैनिकमा प्रकाशित गरिएको बोलपत्र आव्हानको सूचना वमोजिम नियमानुसार **www.bolpatra.gov.np/egp** मार्फत दाखिला हुन आएका वोलपत्रहरुको सम्बन्धमा निम्न अनुसारको निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ सम्वद्ध सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि.नं	ठेक्का नं	योजनाको नाम	न्युनतम सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम र ठेगाना	जम्मा कबोल अंक (मू.अ.कर र पि.एस समेत) रु
1	NNL/Bhaktapur/ Works/ NCB/ 01/080/81	Construction of Prefab/Truss Additional Room of Child section in Premises of Nepal National Library, Sanothimi Bhaktapur	Swadeshi Builders and Suppliers Pvt.Ltd, Kathmadu-10, Thapagaun.	1591523.99

पुस्तकालय प्रमुख

अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्दा विक्री मुल्य (MRP) निम्न वमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सि.नं.	मालवस्तुको विवरण	ब्राण्ड	मोडेल	क्षमता	उत्पतिको मुलुक	इकाइ	प्रति इकाइ मुल्य	अधिकतम खुद्दा विक्री मुल्य (MRP)
1	EV SCOOTER	GAROW	GAROW DT 60	2000W	CHINA	1	375,000.00	375,000.00
2	EV SCOOTER	GAROW	GAROW DT 9	2000W	CHINA	1	300,000.00	300,000.00
3	EV SCOOTER	GAROW	GAROW DT 53	6000W	CHINA	1	385,000.00	385,000.00

विक्रेता फर्मको नाम : क्लासिक ट्रिव्ल्स एक्स्पोर्ट एण्ड इम्पोर्ट प्रा.लि. एक्जीम कोड नं. ६०३४९४९५००११९NP
ठेगाना : चक्रपथ, महाराजगंज, काठमाण्डौ, नेपाल फोन नं. ०१-४०१६०६२

मकालु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नुम, संखुवासभा
कोशी प्रदेश, नेपाल

करार सेवामा पदपुर्ति सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/०१/०२)

मकालु गाउँपालिका, गाउँकार्यपालिका कार्यालयको लागि आवश्यक पर्ने तपसिल बमोजिमको पदमा सेवा करारमा पदपुर्ति गर्नु पर्ने भएको हुदाँ यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र योग्यता पुगेको इच्छुक नेपाली नागरिकले माग बमोजिमका विवरण सहित दरखास्त आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

वि.नं.	पद	सेवा/समुह	तह/श्रेणी	संख्या	कै
Er.१-२०८०/०८१	ईन्जिनियर	सिभिल	अधिकृत छैठौं	१(एक)	

- **दरखास्त दिने अवधि:** २०८१/०१/०२ गते देखि २०८१/०१/१६ गते सम्म ।
- **दरखास्त दिने स्थान:** मकालु गाउँपालिका, नुम, संखुवासभा ।
- **दरखास्त दस्तुर:** अधिकृत स्तरको लागि रु १०००।- मात्र आवेदकले मकालु गाउँपालिका ग १.१ आन्तरिक राजस्व खाता नं. ०२६१५३८९५५४ सिद्धार्थ बैंक नुममा दाखिला गरिएको सक्कल बैंक भौचर वा मकालु गाउँपालिकाको राजस्व शाखामा बुझाएको सक्कल नगदी रसिद संलग्न राख्नुपर्नेछ ।
- **परीक्षाको किसिम:** लिखित र मौखिक ।
- **परीक्षा मिति:** दरखास्त दिने मितिको अन्तिम दिनको भोलि पल्ट सम्पर्क मितिमा तोकिनेछ ।
- **पारिश्रमिक तथा अन्य सुविधा:** प्रचलित कानुन बमोजिम हुनेछ ।
- **आवश्यक शैक्षिक योग्यता ।**
- नेपाली नागरिक ।
- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थबाट सिभिल ईन्जिनियर स्नातक कोर्ष उत्तिर्ण गरि NEC मा दर्ता भएको ।
- २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको हुनु पर्नेछ ।
- अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।
- दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरु: कार्यालयले तय गरेको आवेदन फारममा माग गरे बमोजिमको विवरण, शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि (SLC/SEE देखि सम्बन्धित योग्यता सम्मको), नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि, कार्यअनुभव भए सोको प्रतिलिपि, प्रचलित नेपाल सरकारको कानुन बमोजिम विभिन्न काउन्सिल वा परिषदमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि । साथै म्याद नाघि वा रितपुर्वक नआएमा आवेदन उपर कारबाही हुने छैन ।
- दरखास्त आवेदन फारम यस कार्यालयको बेवसाईट www.makalumun.gov.np बाट डाउनलोड गरी पुर्ण रुपमा विवरण भरि आवश्यक कागजात संलग्न गरि पालिकाको इमेल ठेगाना gaupalikamakalu@gmail.com मा पनि पठाउन सकिनेछ ।
- सूचना सम्बन्धि सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । थप जानकारीको लागि फोन नं. ९८५२०५१४३६, ९८५११६०४७९, ९८४३१२१४२५ मा सम्पर्क गर्न सकिनेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

चौरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौरपाटी, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

यस कार्यालयबाट मिति २०८० फाल्गुण १५ गतको दिन सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरीद प्रणाली (e–GP) bolpatra.gov.np/egp मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरीद प्रणाली (e–GP) bolpatra.gov.np/egp मार्फत रितपुर्वक दर्ता हुन आएका तपसिल बमोजिमको निर्माण कार्यको लागी तपसिल बमोजिमका बोलपत्रदाताले पेश गरेको बोलपत्र न्युनतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही भई स्विकृतिको लागी छनौट भएको हुँदा सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ को उपदफा -२० प्रयोजनार्थ बोलपत्रदाताहरु तथा सम्बन्धित सबैमा जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ .

तपसिल

ठेक्का नं.	कामको विवरण	बोलपत्रदाताको नाम ठेगाना	कबोल अंक (भ्याट बाहेक) रु.	कैफियत
CRM/ ACHHAM/ NCB/W/05/ 2080/081	पौवा गहिल लुग्रा पुडासैन पायल ग्रामीण सडक निर्माण कार्य , चौरपाटी ७, ५ र ४ अछाम	श्री खप्तड बाबा निर्माण सेवा एण्ड अर्डर सप्लायर्स , खप्तड छेडेदह गांउपालिका वडा नं. १ कांडा बाजुरा ।	3458,277.50	

प्रमुख प्रशासकिय अधिकृत

Birtamode Municipality
Office of Municipal Executive
Birtamode, Jhapa

Invitation for Online Sealed Quotation

Second Notice Publication Date :- 2081/01/05

1. Birtamode Municipality has allocated funds and invites electronic bids from eligible bidders for the purchase and submit of bid under Sealed Quotation(SQ) towards the **Construction and Upgradation of Khelkud Purwadhar Nirman Works at Birtamode-05**apply part of the funds to cover eligible payments under the following works. Bidding is open to all eligible bidders as per section V of Bidding Document.
2. Eligible Bidders may obtain further information by visiting PPMO e-GP system **www.bolpatra.gov.np/egp**. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp.
3. Interested bidders should register in e-GP system and deposit the cost of bidding documents and bid secutity mentioned below :
   Name of the Bank ***NIC Asia Bank, Birtamode, Jhapa***
   *Name of Office:***Birtamode Municipality, Office of Municipal Excecutive, Birtamode, Jhapa**
   Rajaswa Account No. :- Aantarik Rajaswa Khata- 2462050028354002 (For the cost of Bid Document)and Account no.:- Dharauti Khata 246CA50018870005 (For the deposit of Bid Security Amount)
4. Electronic bids must be submitted to Birtamode Municipality, Office of Municipal Executive through PPMO's eGP system www.bolpatra.gov.np/egp on or before **specified time given in table below**.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at specified date and time given below in table at Birtamode Municipality, Office of Municipal Executive, Birtamode, Jhapa.
6. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Detail of works are as given below :-

S N	Contract Identification No.	Name of Project	Last Date of Bid Submission	Bid Opening Date	Bid Validity Period	Bid Document Fee (NRs.)	Bid Security Amount NRs.)	Estimated Amount (Including VAT), NRs.
1	BTMMUN/ WORKS/SQ/ 15-80/81	Construction and Upgradation of Khelkud Purwadhar Nirman Works at Birtamode-05	2081/01/20 at 12:00 Hours	2081/01/20 at 14:00 Hours	45 days of bid opening + 30 Days beyond	1000/-	43,000/-	14,47,285.23/-

Chief Administrative Officer